गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

(कोशी प्रदेशस्तरीय कार्यक्षेत्र भएको)

च.नं. : ११०/२०८१/८२

कर्पोरेट कार्यालय, बुढीगंगा-१,
पुष्पलालचौक, मोरङ ।
मिति : २०८२/०१/०५

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : आ.व. २०८१/८२ को तेश्रो त्रैमासिक वित्तीय विवरण सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को तेश्रो त्रैमासिक वित्तीय विवरण यसैसाथ संलग्न गरेका छौं । सो प्रतिवेदन मिति २०८२/०१/०५ को "**उद्घोष राष्ट्रिय दैनिक**" पत्रिकामा प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

विष्णु प्रसाद उपाध्याय
प्रमुख कार्यकारी अधिकृत

Gurans Laghubitta Bittiya Sanstha Ltd.

गुराँस लघुवित्त वित्तीय संस्था लि.

Central Office : Hulak Tole, Dhankuta-7, Dhankuta, Corporate Office Budhiganga-1, Morang
Tel:- 021-464453,464323 , Email : guranslbbs@gmail.com, Web: www.guranslaghubitta.com.np

Unaudited Financial Results (Quarterly)

As at 3rd Quarter ended on 31 Chaitra, 2081, of the F/Y 2081/082 *(Rs. in '000')*

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**2,010,758.55**	**1,955,279.07**	**1,731,889.82**
1.1	Paid-up Capital	115,849.50	115,849.50	101,400.00
1.2	Reserves and Surplus	53,594.28	42,672.13	43,840.23
1.3	Debenture and Bond			
1.4	Borrowings	1,320,953.26	1,319,777.42	1,176,520.03
1.5	Deposits (a+b)	403,805.28	368,085.99	302,982.44
	a. Domestic Currency	403,805.28	368,085.99	302,982.44
	b. Foreign Currency			
1.6	Income Tax Liabilities			
1.7	Other Liabilities	116,556.24	108,894.03	107,147.11
2	**Total Assets (2.1 to 2.7)**	**2,010,758.55**	**1,955,279.07**	**1,731,889.82**
2.1	Cash & Bank Balance	32,429.12	27,708.85	11,318.48
2.2	Money at call and short Notice	7,729.23	10,094.80	16,438.72
2.3	Investments	9,000.00	9,000.00	9,000.00
2.4	Loans & Advances (a+b+c+d+e+f)	1,887,880.05	1,841,478.90	1,644,112.00
2.5	Fixed Assets	11,917.86	13,849.09	9,830.58
2.6	Non Banking Assets			
2.7	Other Assets	61,802.28	53,147.43	41,190.05
3	**Profit and Loss Account**	-	-	-
3.1	Interest income	188,566.15	124,564.20	155,965.42
3.2	Interest Expense	99,318.03	68,076.97	98,996.44
A	**Net Interest Income (3.1-3.2)**	**89,248.12**	**56,487.22**	**56,968.98**
3.3	Fees Commission and Discount	570.91	374.34	1,629.25
3.4	Other Operating Income	20,354.03	14,526.26	23,667.33
3.5	Foreign Exchange Gain/Loss (Net)	-	-	-
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**110,173.07**	**71,387.83**	**82,265.57**
3.6	Staff Expenses	48,696.26	32,544.62	39,261.77
3.7	Other Operating Expenses	19,986.58	11,712.16	13,269.73
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**41,490.22**	**27,131.05**	**29,734.06**
3.8	Provision for Possible Loss	-	2,591.76	-
D	**Operating profit (C-3.8)**	**41,490.22**	**24,539.29**	**29,734.06**
3.9	Non Operating Income/Expenses (Net)	(2.70)	5.30	**8.16**
3.10	Write Back of Provision for Possible Loss	1,548.88	-	5,938.27
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**43,036.40**	**24,544.59**	**35,680.49**
3.11	Extraordinary Income/Expenses (Net)	-	-	-
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**43,036.40**	**24,544.59**	**35,680.49**
3.12	Provision For Staff Bonus	4,303.64	2,454.46	3,568.05
3.13	Provision For Tax	11,619.83	6,627.04	9,633.73
G	**Net Profit/Loss (F-3.12-3.13)**	**27,112.93**	**15,463.09**	**22,478.71**
4	**Ratios**	-	-	-
4.1	Capital Fund to RWA	**8.37%**	**8.21%**	**8.14%**
4.2	Non Performing Loan (NPL) to Total Loan	**3.01%**	**2.78%**	**2.69%**
4.3	Total Loan Loss Provision to total NPL	**36.17%**	**48.32%**	**38.91%**
4.4	Cost of Funds	**7.29%**	**7.99%**	**9.90%**
4.5	CD Ratio (Calculated as per NRB Directives)	**467.52%**	**500.28%**	**542.64%**
4.6	Base Rate	**12.81%**	**13.06%**	**13.99%**

Note: # Above Financial Figures are subject to change as per the directions of supervisory authority and external auditor.
The previous period figures are regrouped and rearranged whenever necessary.

	Interest Rate :	
	1. Deposit 7.5% - 10%	**2. Loan & Advance 14% - 15%**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसुची -१४ (नियम २६ को उपनियम १ सँग सम्बन्धित)
आ.व २०८१/०८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

(क) आ.व २०८१/८२ को तेस्रो त्रैमासिक (२०८१/१२/३१) को वासलात, नाफा, नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु (आवश्यकता अनुसार वार्षिकिकरण गरिएको) :

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
३१/२०	९४/२०	१४६/२६	१७३५/६६	७.८६%

२. व्यवस्थापकीय विश्लेषण

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण :

समीक्षा वयमासमा ग्राहक सदस्य, कर्जा, बचत वृद्धि भएको, बैंकिङ क्षेत्रमा तरलता साहज भएसँगै कोष लागत न्यून हुँदै गएको कारण संस्थाको आम्दानी तथा नाफा वृद्धिमा सकारात्मक प्रभाव परेको छ। विगत केही वर्षदेखि संचालित गैर व्यवसायक गतिविधिहरु पनि क्रमशः न्यून भएसँगै कर्जा असुलीमा सहजता हुँदै गएको छ। परिस्थितिजन्य घटनाक्रमहरुलाई व्यवस्थापन गर्न वित्तीय संस्था सदैव होसियार र प्रतिबद्ध रहेको छ। अतः त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा सकारात्मक परिवर्तनहरु भएका छन्।

(ख) आजामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

कोशी प्रदेश स्तरीय यस वित्तीय संस्थाले ३५ वटा शाखा कार्यालयहरु मार्फत २२ हजार भन्दा बढि परिवारलाई लघुवित्त सेवा प्रवाह गर्दै आईरहेको छ। आ.व २०८१/८२ मा सेवा पुग्न बाँकी रहेका क्षेत्रहरुमा कार्यक्रम विस्तार, कर्जा तथा बचत वृद्धि, कर्जाको गुणस्तर सुधार र स्थानीय श्रोत परिचालन मार्फत सबसुलभ वित्तीय सेवा दिँदै नाफा वृद्धि गर्ने योजना रहेको छ। ग्राहक वर्गको चाहना र आवश्यकता बमोजिम कर्जा तथा बचत सेवाहरुलाई पुनरावलोकन गरिएको तथा संस्थामा विद्युतीय सेवा मार्फत छिटो, छरितो, पारदर्शी र भरपर्दो कारोबारलाई प्राथमिकता दिँदै आएको छ। ग्राहकवर्गलाई वित्तीय साक्षरता, शीप विकास तालिम र पुँजीको उपलब्धता मार्फत देशको गरिबि न्यूनीकरणमा वित्तीय संस्था सशक्त रूपमा अगाडि बढ्ने योजना रहेको र सोही बमोजिम कार्य भईरहेको छ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:

वित्तीय क्षेत्रमा देखिएका गैर व्यवसायिक गतिविधिहरु न्यून हुँदै गएको, कोष लगात कम भएको, एक ग्राहक एक लघुवित्तको अवधारणको कार्यान्वयन तथा कर्जा सूचना सहज उपलब्धताले बहुबैंकिङको अवस्था सुधार हुँदै गएको, वित्तीय शिक्षा सम्बन्धी सबै क्षेत्रबाट गरिएका कार्यक्रमहरुले ग्राहक वर्गमा वित्तीय चेतना विकास हुँदै गएको कारण बैंकिङ प्रणालीमा देखिएका समस्याहरु सुधार हुने र नेपाल राष्ट्र बैंकले प्रणाली सुधारमा लिएका नीतिहरुलाई आत्मसाथ गर्दै परिस्थितिजन्य कारणले कर्जा भुक्तानी गर्न नसक्ने ऋणी र नियतवस कर्जा नतिर्ने ऋणीहरुको वर्गीकरण गरी कर्जा असुलीमा सोही बमोजिम योजनाबद्ध रुपमा क्रियाशिल भई कर्जाको गुणस्तर सुधार तरलता व्यवस्थापन, ग्राहकको हित संरक्षण गरी संस्थाको दीर्घ विकासको लागि संस्थाको मौज्दात, नाफा र नगद प्रवाहलाई व्यवस्थित गर्न व्यवस्थापन सदैव प्रयत्नशील रहेको र रहनेछ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) संगठित संस्थाको संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे जानकारी प्राप्त भएको छैन।

(ख) संस्थाको संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) शेयरको मूल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा संस्था तटस्थ छ। यद्यपि संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन नियमको परिधि भित्र रही प्रवाहित गर्दै आएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लि. को बेबसाइट www.nepalstock.com.np बमोजिम यस वित्तीय संस्थाको तेस्रो त्रयमास अवधिमा शेयरको कारोबार निम्नानुसार रहेको छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कारोबार भएको कुल शेयर संख्या
३,४८६/००	२,३०३/२०	२,९३९/५४	५६	८,८७२	३,५६,८९७

५. समस्या तथा चुनौति

यस वित्तीय संस्थाले भोक्नु परेका आन्तरिक तथा बाह्य चुनौतिहरु निम्नानुसार रहेका छन् :

(क) आन्तरिक चुनौति :

निष्कृय कर्जा व्यवस्थापन, पुँजीकोषमा परेको दबाव, बहुबैंकिङको अवस्था, समूह दायित्व वहनमा आएको स्खलन, दक्ष जनशक्तिको टिकाउपन, ग्राहकहरुमा वित्तीय साक्षरताको कमी, स्थानीय श्रोत परिचालन आदि आन्तरिक चुनौती रहेका छन्।

(ख) बाह्य चुनौति :

१. वित्तीय क्षेत्रमा देखिएका गैर व्यवसायिक गतिविधिहरु।
२. नियमनकारी निकायबाट हुने नीतिगत परिवर्तन, पुँजीकोष व्यवस्थापनमा नियमनकारी निकायको व्यवस्था।
३. आर्थिक मन्दी तथा समय समयमा देखिने महामारीहरु आदि।

आन्तरिक श्रोतको परिचालनमा जोड, कर्जा सूचनाको आदान प्रदान, कर्मचारी तथा सदस्यहरुको लागि तालिम तथा गोष्ठीको आयोजना, वित्तीय साक्षरता कार्यक्रमहरु संचालन, लघुवित्त वित्तीय संस्थाको सबल पक्षहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य चुनौति व्यवस्थापन गर्दै आईरहेको छ र आगामी दिनमा पनि यस प्रकारका चुनौतीहरु समाधान गर्न संस्था प्रयत्नशील रहेनेछ।

६. संस्थागत सुशासन

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३ (संशोधन सहित) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ। वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अवलेखन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, सूचना प्रणाली नीति र अन्य आन्तरिक नीति निर्देशिकाहरु तयार गरी लागु गरिएको छ। न्यसैगरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण अनुगमन समितिबाट आ-आफ्नो कार्य सम्पादन हुँदै आएको छ। नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम NFRS ढाँचामा वित्तीय विवरण तयारी सम्बन्धी कार्य भईरहेकोले यथासम्भव छिटो सोही ढाँचामा विवरण प्रकाशन गरिनेछ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित हुन निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।